# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४  संख्या ७  मितिः 2077 पौष 13

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७**

# <u>लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७</u>

<u>स्विकृत मितिः-2077/09/12</u>

**प्रस्तावना :**

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व सम्बन्धि हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगाएतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्धको सबै प्रकारको भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनिय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैंगिक समानता कायम गर्ने व्यवस्था भएअनुरुप जोरायल गाउँपालिकाले महिलामाथि हुने सबै प्रकारका हिंसा विभेद, गलत अभ्यास आदिका विरुद्धमा कार्यक्रम सञ्चलान गर्दै आईरहेको छ । हिंसाबाट पीडितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न, कानुनी सहायता, मनोवैज्ञानिक उपचार लगाएतका कार्य गर्न नेपाल सरकारबाट राजपत्रमा प्रकाशित लैंङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संसोधन) नियमावली २०७६ को भावना अनुरुप महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट सशर्त अनुदान प्राप्त रकम र स्थानीय तह लगायत अन्यन्त्रबाट प्राप्त रकम समेतलाई लैंङ्गिक हिंसा निवारण कोषको स्थापना गरि सो कोषबाट पीडितलाई तत्काल उद्धार र राहत तथा पुनर्स्थापना गर्ने, पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल र सहज एवम् एकरुप बनाउने उद्देश्यले जोरायल गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५को दफा ४ ले दिएको अधिकार प्राप्त गरी जोरायल गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यालय" भन्नाले जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैंङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) " सञ्चालक समिति" भन्नाले दफा ७ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "लैंगिक हिंसा" भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरितिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

**३. कोषको स्थापना :** (१) लैंङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) संघिय सरकार (नेपाल सरकार) बाट प्राप्त रकम,

(ख) जोरायल गाउँपालिकाबाट प्राप्त रकम ,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा खोली गरिनेछ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** दफा ३ को उपदफा २ वमोजिमको रकम आवस्यकता अनुसार कोषमा जम्मा गर्नु पर्ने छ ।

**५. कोषको उपयोग:** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने ,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न ,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि राहत समितिले तोके बमोजिमको अन्य काममा ।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितीले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. स्थानीय तत्काल राहत तथा उद्धार समितिको गठन :** (१) पीडितलाई तत्काल उद्धार, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि एक स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन गरिने छ।

(२) स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम रहनेछ:-

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) ईलाका प्रहरी प्रमुख - सदस्य

(ङ) स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधि मध्ये अध्यक्षले मनोनित गरेको -सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिब

(३) उपदफा (२) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) स्थानीय तत्काल उद्धार तथा राहत समितिको सचिवालय गाउँपालिकामा रहनेछ ।

(५) स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :** स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक रहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरुबिच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस नियमावलि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदाम देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दामा लाग्ने भाडा रकम, खाना खर्चवापत् र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिने ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए

सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने ,

(ग) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च ,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउँ पूँजिको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरि बढीमा वीस हजार रुपैया, (ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ ,

(च) राहत समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा राहत समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**<u>१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :</u>** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा ९ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**<u>११. तत्काल रकम उपलब्ध गराउन सक्ने :</u>** (१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा राहत समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००/-(दश हजार मात्र) नबढ्ने गरी मनासिब रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि वस्ने समितिको बैंठकबाट सो विषयमा अनुमोदन गराउनु पर्नेछ ।

**१२. थप रकम निकासा :_**(१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई राहत समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. छुट्टै खाता खोल्नु पर्ने :** नेपाल सरकारको ससर्त तथा गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोष र लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१५. आवर्तित (रिभल्भिङ कोष) :** यो कोष आवर्तित कोषको रुपमा रहनेछ ।

**१६. प्रतिवेदन पेश गर्ने :** (१) राहत समितिले प्रत्येक ३ महिनामा सो समितिबाट भएका काम कार्वाहीको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने तथा मन्त्रालयमा पठाउनु पर्ने छ ।

**१७. बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैंठकमा भाग लिए वापत कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१८. समन्वय गर्ने :** स्थानीय तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय, केन्द्रिय तथा प्रदेश तत्काल उद्धार तथा राहत समितिसँग आवश्य समयमा समन्वयात्मक ढंगले काम गर्ने छ ।

## अनुसुची 1
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

बिषय :- सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यु, स्थानीय तत्काल उद्धार तथा राहत समिति
जोरायल गाउँपालिका डोटी ।

म.........................................मा बस्ने बर्ष..................को ........................................................ मिति ............................. मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (.................) भएको कारणले मेरो मानसिक/शारीरिक/समाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनि सहायता एवम् परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य................काम को लागि सहयोगको आवस्यकता परेको हुँदा स्थानीय लैंङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदक :
नाम/थर :

ठेगाना :

दस्तखत :

मिति :